# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख



## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना
## राजधानी दैनिकमा प्रथम पटक प्रकाशित मितिः २०७७/०२/०६

**यस कार्यालयबाट चालू आ.व. २०७६/०७७ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड उपलब्ध गराउने प्रयोजनको लागि आवश्यक पर्ने सेनिटरी प्याड सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक/आपूर्तिकताहरुबाट निम्न शर्तहरुको अधिनमा रही तोकिएको समयभित्र रीतपूर्वतकको सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।**

१. बोलपत्र आह्वान सम्बन्धी सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, अन्य बोलपत्र सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदनका साथ बोलपत्र फारम दस्तुर रु ३,०००/ (प्रति बोलपत्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक दुल्लू शाखामा रहेको हि.नं. ४३४००३०१०१०००२ (आन्तरिक राजश्व खाता) मा जम्मा गरी सोको सक्कल भौचार वा कार्यालयमा नगदै जम्मा गरी सोको रसिद संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी तपसिल बमोजिमको रकम बराबरको कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको बोलपत्र जमानत (विड वण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क दुल्लू शाखामा रहेको हि.नं. ४३४००३०३००००००२ (धरौटी खाता) मा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैङ्क भौचर सिलबन्दी बोलपत्रका साथ संलग्न राखी यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० वजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

४. दर्ता भएको बोलपत्र ३१ औं दिन दिनको २.०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटम अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. रीत नपुगेका, म्याद नाघी आएको वा अन्य कुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. संयूक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा बढिमा ३ वटा फर्महरुको एउटा संयूक्त उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयूक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्बन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयूक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन ।

८. जुन फर्मको नामवाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाईने छ ।

९. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ । साथै सम्झौता हुदाँ सेनिटरी प्याडको परिमाणमा थपघट हुन सक्नेछ ।

१०. आपूर्ति हुने सेनिटरी प्याडहरुको गुणस्तर सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ अनुसार हुनुपर्नेछ । ( सेनिटरी प्याडको विस्तृत स्पेसिफिकेसन नगरपालिकाको वेभसाइटमा हेर्न सकिनेछ)

११. बिदेशमा उत्पादन भएको सेनिटरी प्याडको हकमा सम्वन्धीत बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

१२. बोलपत्रदाताले उपलब्ध गराउने सेनिटरी प्याड स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१३. कार्यालय हातासम्म सामाग्री ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्रदाता स्वयम्ले नै व्यहोर्नुपर्नेछ।

१४. आपूर्ति हुने सेनिटरी प्याडको Expiry Date स्टोर दाखिला भएको समयमा कम्तिमा १८ महिना बाँकी हुनुपर्नेछ । तर कुनै सेनिटरी प्याडको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी रहेको हुनुपर्नेछ।

१५. आपूर्ति हुने सेनिटरी प्याडको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नं. र सम्भव भए सम्म **नेपाल सरकारद्वारा निःशुल्क वितरणको लागि** भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ।

१६. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नुपर्नेछ।

१७. प्रतिस्पर्धा संकुचन हुनेगरी आपसी मिलेमतोमा बोलपत्र दाखिला गरेको पाइएमा त्यस्तो बोलपत्र स्वीकृत गरिने छैन।

१८. यसमा भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, ( संशोधन सहित) र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

१९. थप जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०३८/४११०४१ मा सर्म्पक गर्न सकिनेछ। यो सूचना यस कार्यालयको website: www.dullumun.gov.np मा समेत प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | सिलबन्दी बोलपत्र नं. | कामको विवरण | ल.ई. रकम मु.अ.कर सहित | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ५३-०७६/०७७ | सेनिटरी प्याड खरिद | ३३,५७,०००।०० | ३,०००।०० | ८५,०००।०० | ईजाजत प्राप्त उत्पादक/आपूर्तिकर्ता |

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**